जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)–०३९/०४०

म.जि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४१ अंक २४ २०७९ साल माघ ८ गते आइतवार (22 Jan 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** भन्सार छलेर ल्याइएको टिभि, विधुतीय ... **पृष्ठ ३ मा :** प्रचण्ड, अवसरवादीहरुको ... **पृष्ठ ४ मा :** आत्महत्या रोक्ने, तर ... **पृष्ठ ५ मा :** संघीय संसदमा मधेशका ...

## डिमनमा आगलागि हुँदा लाखौं मुल्य बराबरको धनमाल नष्ट

**राजविराज**/सप्तरीको तिरहुत गाउँपालिकामा आगलागि हुँदा लाखौं मुल्य बराबरको धनमालको क्षति भएको छ।

शुक्रबार दिउँसो सो गाउँपालिका वडा नं. ४ डिमन टोल निवासी गुगली भनिने हरेराम यादवको गाईगोठ छेउमा राखेको खरानीको डिस्कोबाट सल्केको आगोले नगद ५४ हजारसहित ९ लाख ५० हजार मुल्य बराबरको धनमाल जलेर नष्ट भएको हो।

सो आगलागिले छिमेकी तेज नारायण यादव र ओम नारायण यादवको घर समेत जल्दा उक्त मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार आगोमा हरेराम यादवको गाईगोठ भित्र रहेका एक बाख्रा, २ खसी, दुई भैंसीको पारी जलेर मरेको रतथा एउटा भैंसी आगोले जलेर घाइते हुँदा एक लाख ५० बराबरको क्षति भएको छ।

त्यस्तै छिमेकी तेज नारायण यादवको जस्ताको छानो भएको घरमा आगलागि हुँदा खाद्यान्न, फर्निचर, मोबाइल, टिभि, गरगहना तथा अन्य सामानहरु जलेर नष्ट हुँदा चार लाख मुल्य बराबरको तथा ओमनारायण यादवको घरमा रहेको ५४ हजार नगद, खाद्यान्न, भाडावर्तन, लुगाफाटा, फर्निचर लगायत आगोमा जलेर नष्ट हुँदा चार लाख मुल्य बराबरको क्षति भएको छ।

झण्डै दुई घण्टाको प्रयास पछि कंचनरुप नगरपालिका, राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिकाको दमकल, नेपाल प्रहरी र स्थानिय बासीहरुको सहयोगमा आगोलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## घुससहित इन्जिनियर साह पक्राउ

**राजविराज**/अख्तियार अनुसन्धान आयोग इटहरीको टोलीले सप्तरीको शम्भुनाथ नगरपालिकामा कार्यरत एक इन्जिनियरलाई १ लाख ४० हजार घुस रकमसहित पक्राउ गरेको छ।

सो टालीले उक्त पालिकामा कार्यरत इन्जिनियर

*बाँकी अन्तिम पृष्ठमा*

## छुट्टाछुट्टै दुर्घटनामा दुईको मृत्यु

**राजविराज**/सप्तरीमा विगत तीन दिनमा भएको छुट्टाछुट्टै दुर्घटनामा परि दुई व्यक्तिको मृत्यु भएको छ।

जिल्लाको शम्भुनाथ नगरपालिकामा बिहीबार राती मोटरसाइकल दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ।

उक्त नगरपालिका वडा नं. १२ डेरा पोखरीस्थित हुलाकी राजमार्ग सडक खण्डमा प्रदेश नं.२-०१-००२ प ५०५२ नं.को मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकल चालक सप्तरीको बिष्णुपुर गाउँपालिका वडा नं. ७ बिष्णुपुर टोल निवासी ४७ वर्षिय मात्रिका प्रसाद यादवको मृत्यु भएको हो।

दुर्घटना पश्चात् यादव लडी रहेको अवस्थामा प्रहरीले फेला पारी उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजबिराज पठाउँदा चिकित्सकले मृत घोषित गरेको थियो।

यसअघि बुधबार साँझ सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका सडक खण्डमा यात्रुवाहक बसले ठक्कर दिँदा एक साइकल यात्रुको मृत्यु भएको छ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत उक्त सडकखण्डमा बुधवार साँझ हनुमाननगर

*बाँकी पाँच पृष्ठमा*

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**

**तपाईकै सहर राजविराजमा**

आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## विष्णुपुर गाउँपालिकाले एक हजार विपन्नलाई फाइबर सिरक बितरण गर्दै




**राजविराज**/चिसोबाट प्रभावित दलित, गरिब, विपन्न परिवारलाई सप्तरीको विष्णुपुर गाउँपालिकाले शनिबार फाइबरको सिरक बितरण गरेको छ।

गाउँपालिकाको कार्यालयमा आयोजित सिरक बितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष उमेश यादवले उक्त फाइबरका सिरहहरु बितरण गरेका छन्।

उनले पहिलो चरणमा वडा नं. ४ र ७ का २ सय ५० विपन्नलाई सिरक बितरण गरिएको तथा पालिकाका ७ वटै वडामा एक हजार जनालाई सिरक बितरण कार्यक्रम रहेको जानकारी दिएका छन्।

उनले पालिकाबाट बिनियोजित गरिएको विपद् व्यवस्थापन कोषबाट सिरक खरीद गरि बितरण गर्न लागेको जानकारी समेत दिए।

सो अवसरमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश कुमार यादव, प्रशासकीय अधिकृत सुभास मण्डल लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## नगरभित्रका समस्या पहिचान गरि समाधान गर्न आग्रह

**राजविराज**/मधेश प्रदेशसभा सदस्य महेश प्रसाद यादवले नगर क्षेत्र भित्र रहेका समस्याहरुको पहिचान गरि त्यसको उचित समाधानका लागि जनप्रतिनिधिहरुलाई आग्रह गरेका छन्।

राजविराज नगरपालिकामा शुक्रबार आयोजित कार्यक्रमको प्रमुख अतिथिको आसन्नबाट बोल्दै प्रदेशसभा सदस्य यादवले शिक्षा, स्वास्थ्य क्षेत्रमा रहेका समस्याहरुप्रती आफू गम्भिर

*बाँकी पाँच पृष्ठमा*

**व्यक्तिगत घटना समयमा नै दर्ता गराऔं।**

- जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद तथा बसाईसराई जस्ता व्यक्तिगत घटना समयमा नै दर्ता गरौं गराऔं।
- व्यक्तिगत घटना दर्ता व्यक्ति पहिचानको पहिलो आधार हो ।
- यस्ता घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय (वडा कार्यालय) मा निःशुल्क रुपमा दर्ता गर्न सकिन्छ।
- विकासको योजना तर्जुमा गर्न, राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा सुनिश्चित गर्न, जनसंख्याको विवरण अद्यावधिक लगायतका कार्यका लागि व्यक्तिगत घटना दर्ता आवश्यक छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आत्महत्याका घटना बढ्दो

अहिले मुलुकमा आत्महत्याका घटनाहरु बढ्दो छ। सप्तरीको परिपेक्षमा पनि यो घटना बढ्दै गएको छ। वर्षेणी जिल्लामा दुई दर्जन भन्दा बढी व्यक्तिहरु आत्महत्या गर्ने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ। नेपालको सन्दर्भमा राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षणका अनुसार ६.५ प्रतिशत व्यक्तिहरुमा आत्महत्याको सोच र योजना रहेको पाइएको छ। नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा ७ हजारभन्दा बढी व्यक्तिको मृत्यु आत्महत्याबाट भएको थियो र वर्षेनी आत्महत्याको दर बढिनै रहेको छ। यसैले पनि आत्महत्या एक गम्भीर जनस्वास्थ्य समस्याको रुपमा रहेको छ।

परिवारमा कुनै सदस्यले आत्महत्या गरेको छ भने त्यसको असर पनि परेको हुन्छ। आत्महत्याका लागि प्रयोग हुने साधनको पहुँचमाथि नियन्त्रण गर्न सक्ने हो भने यस्ता घटनामा कमी ल्याउन सकिन्छ। आत्महत्या आवेश तथा योजनाबद्ध जुनसुकै अवस्थामा पनि हुनसक्छ। योजनाबद्ध प्रायजसो डिप्रेसनमा देखिन्छ। प्रायजसो व्यक्तिले दिन, हप्ता र महिनौंसम्म योजना बनाएका हुन्छन्। आत्महानिको प्रयास गरेका व्यक्तिहरु, उदासिनता, लागुपदार्थको प्रयोग, मदिरापानको लत तथा अन्य जटिल मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरु, आर्थिक नोक्सानी, पारिवारिक द्वन्द्व, दीर्घकालीन रोगबाट ग्रसित व्यक्तिहरु जस्तैः क्यान्सर, भावनात्मक कठिनाइ भएका व्यक्तिहरु, युद्ध, हिंसा, आघातजन्य घटनामा परेका व्यक्तिहरु पर्छन्।

तसर्थ यदि कुनै व्यक्तिले बारम्बार निराशाजनक कुराहरु गरिहने वा मर्न पाए पनि हुन्थ्यो जस्ता भाव भएका कुराहरु गर्छ भने उसमा आत्महत्याको विचार आएको हो कि भनी तुरुन्त उपचारको लागि समन्वय गर्नुपर्छ। समयमै गरिने सहयोगले जोखिममा रहेका हरेक व्यक्तिलाई बचाउन सकिन्छ।

# भन्सार छलेर ल्याइएको टिभि, विधुतीय सामान तथा भैंसीको बच्चा नियन्त्रणमा

**राजविराज/सप्तरी** प्रहरीले गत साता भन्सार छलेर ल्याउँदै गरेको टिभि, विभिन्न विदुतीय सामान तथा भैंसीको बच्चा नियन्त्रणमा लिएको छ।

प्रहरीले जिल्लाको छिन्नमस्ता गाउँपालिकाबाट भारतबाट भन्सार छलेर नेपाल ल्याउँदै गरेको दुई थान टिभि नियन्त्रणमा लिएको छ।

सो गाउँपालिका वडा नं. ३ स्थितमा भारतबाट भन्सार छलेर चोरी पैठारी गरी ल्याइरहेको दुई थान टिभी प्रहरी टोलीलाई देख्ने बित्तिकै मानिसहरु फरार भएको प्रहरीले जनाएको छ।




एक लाख १० हजार मुल्याङ्कन गरिएको टिभी सोमबारे आवश्यक कारवाहीका लागी भन्सार कार्यालय तिलाठी पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै प्रहरीले जिल्लाको बादेबरसाइन नगरपालिका ८ बाट भारतबाट भन्सार छलेर नेपाल ल्याइएका किराना सामानहरु, लत्ताकपडाहरु तथा बिधुतिय सामानहरु बरामद गरेको छ।

मोटरसाईकलमा लुकाई छिपाई ल्याईरहेको अवस्थामा तस्करहरुले प्रहरी टोली देख्ना साथ सामानहरु छोडेर भागेका थिए। एक लाख २९ हजार ८ सय १५ रुँपैया मुल्याङकन गरिएको उक्त सामानहरु आवश्यक कारवाहीका लागी भन्सार कार्यालय तिलाठी पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यसैगरि राजबिराज नगरपालिका वडा नं. ६ सखडा मोडमा भारतबाट भन्सार छलेर भैंसीको बच्चासहित पिकअप भ्यान प्रहरीले नियन्त्रणमा लिएको छ।

को.१च.६५८ नं. को महिन्द्रा पिकअप गाडीमा दुई वटा बच्चासहितको भैसी लोड गरी ल्याउँदै गरेको अवस्थामा चेकिङ टोलीले नियन्त्रणमा लिएको हो।

प्रहरीले पिकअपका चालक सिरहाको धनगढीमाई नगरपालिका वडा नं. ९ मुसहरनियाका गगन प्रकाश महतो समेतलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागी शुक्रबार राजबिराज भंसार कार्यालय तिलाठी पठाइएको जनाएको छ।

## विमान दुर्घटनामा ज्यान गुमाएकाहरुप्रति दिपप्रज्वलन



**राजविराज**/गत आइतबार पोखरामा भएको विमान दुर्घटनमा ज्यान गुमाएकाहरुको शोकमा मंगलबार राजविराजमा दिपप्रज्वलन गरिएको छ।

प्रेस सेन्टर नेपाल सप्तरी शाखाको आयोजनामा राजविराजस्थित शहिद दशन चौकमा दीपप्रज्वलन गरिएको हो।

विमान दुर्घटनामा प्रेस सेन्टर नेपालका उपाध्यक्ष समेत रहेका नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य त्रिभुवन पौडेलसहित ७२ जनाले ज्यान गुमाएका थिए। उनीहरुको मृतआत्माको शान्तिका लागि दीप प्रज्वलन कार्यक्रमको आयोजना गरिएको प्रेस सेन्टर सप्तरी शाखाका अध्यक्ष दिनानाथ यादवले बताए।

दीप प्रज्वलन कार्यक्रममा प्रेस सेन्टरका केन्द्रिय सल्लाहकार देवराम यादव, सेन्टरका मधेश प्रदेश महासचिव गोपाल प्रसाद गुप्ता, पत्रकार महासंघका पुर्व केन्द्रिय सदस्य अवधेश झा लगायतको संचारकर्मी तथा नगरवासी सहभागी भएका थिए।

यसअघि सोमबार फोटो पत्रकार महासंघ सप्तरीका अध्यक्ष मनोज कुमार माझी, प्रदेश सभा सदस्यद्वय महेश प्रसाद यादव, सतिष कुमार सिंह, राष्ट्रिय एकता अभियानकी उपाध्यक्ष सुनिता साह र नागरिक संजाल सप्तरीका अध्यक्ष थानसिह भन्सालीको अगुवाईमा विमान दुर्घटनामा ज्यान गुमाएकाहरुको आत्मशान्तिका लागी स्थानीय गजेन्द्र चौकमा दीप प्रज्वलन कार्यक्रमको आयोजना गरिएको थियो।

त्यस्तै सोही दिन सामुदायिक सेवा केन्द्रको आयोजना र जिल्ला प्रहरी कार्यालय सप्तरीको सहकार्यमा गजेन्द्र चौक र शहिद दशन चौकमा दीप प्रज्वलन गरिएको थियो।

### नगरभित्रका समस्या ...

रहेकोले त्यसका लागि प्रदेश स्तरबाट हुने सम्पूर्ण सहयोग गर्ने प्रतिबद्धता समेत जनाए।

जनमत पार्टीको मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका नेता यादवले राजविराज नगरपालिकाको विकासका लागि एउटा मास्टर प्लानको आवश्यकता रहेको औल्याए। उनले यस्ता बृहत मास्टर प्लानका लागि आफ्नो पनि सहयोग रहने र जसरी भए पनि नगरपालिका क्षेत्र भित्र लागू गर्ने प्रतिबद्धता व्यक्त गरे।

"म यसै क्षेत्रबाट निर्वाचित प्रदेशसभा सदस्य रहेको नाताले यस पालिकाको विकासका लागि हरसम्भव प्रयत्नरत रहने छु।" उनले भने, "विकासिय कार्य तथा योजनाहरु सानो सानो रुपमा हरेक वडा स्तरबाट संचालन भइरहेकोले नगर क्षेत्रलाइ सौन्दर्यकरण गर्न र सम्पुर्ण वडालाई एक साथ बिकासको बाटोतर्फ डोऱ्याउन एउटा मास्टर प्लानको तहत बृहत् योजना बनाइ अगाडि बढाउनु पर्छ।"

उक्त कार्यक्रममा नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परविन, योजना शाखा प्रमुख तथा १६ वटै वडाका अध्यक्षहरुको उपस्थिती रहेको थियो।

### छुट्टाछुट्टै दुर्घटनामा ...

कंकालिनी नगरपालिका ३ पोर्ताहा नजिकै ना. ५ ख. ६७२ नम्बरको गजराज ट्राभल्सले ठक्कर दिंदा सोही वडा निवासी ६० वर्षिय साइकल यात्रु सत्यनारायण विश्वासको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

विराटनगरबाट सिरहाको माडरतर्फ हिडेको उक्त बस बजार क्षेत्रमा पनि तिव्र गतिमा रहेको प्रत्यक्षदर्शीहरुले बताएका छन्। ठक्कर दिने बस र चालक सिराहाको माडर निवासी ३५ वर्षिय रामप्रकाश पासवानलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यता दुर्घटनापछि आक्रोशित स्थानीयवासीले करीब डेढ घण्टा सो सडक खण्ड अबरुद्ध पारेका थिए।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता
रुपनी गाउँपालिका, सप्तरी

# प्रचण्ड, अवसरवादीहरुको खुँगा र अबको निकास

**हरिविनोद अधिकारी**



आमनिर्वाचनपछि बनेको नेकपा माओवादी र एमालेसहितको सातदलीय गठबन्धनको सरकारको सुरुवाती गठनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई जसरी पनि एमाले, राप्रपा र रास्वपाको कब्जामा राख्ने तानाबाना बुनेको देखियो। यसले नयाँ ध्रुवीकरणको उदय हुने पक्का छ। जसरी पनि मुलुक राजनीतिक अस्थिरताको भुमरीमा जाकिने छ। तर प्रधानमन्त्रीले हिम्मत गरेर ठिक र बेठिकको समीक्षासहित कडा कदम चाल्न सके अझै स्थिति सम्हालिने देखिन्छ।

एकपटक प्रचण्डले आफूलाई घेरेर जस्तोसुकै निर्णय गर्न पनि बाध्य पार्ने अवस्थाको पुनरावलोकन गर्ने हो भने बहुमतका लागि नेपाली काँग्रेसले काँध थापेकै छ। र, खुँगा थाप्नेहरुको मुखमिठ्याइलाई निरस्त पार्ने आधार पनि बनेकै छ। बस्, हिम्मतको खाँचो छ।

यदि प्रचण्ड पनि यसरी निरीह बनेर एमालेको खुँगामा नै बन्दी भएर बसेमा के हुने भन्ने बारेको टिप्पणी भयावह अवस्थाको छ। अहिलेलाई यतिमात्र अनुमान गरौँ।

नेपाली राजनीतिको तरलपन झन झन पातलो हुँदै गएको छ। पातलो तर अपारदर्शीपन सहितको पातलो। नेपाली काँग्रेससँग सत्ता गठबन्धन गरेर स्थानीय, प्रतिनिधि सभा र प्रदेश सभाहरुको निर्वाचनमा होमिएको, उम्मेदवारहरुसमेत सहमतिमा उठाएको माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा दलहरु निर्वाचनपश्चात् जति उम्मेदवारहरुले जिते, जितेनन्, त्यसको समीक्षा नै भएन। बरु छोटै समयमा तत्कालीन गठबन्धन टुटेर नयाँ सत्ताका लागि मात्रै गठबन्धन बन्यो। र, सरकार पनि बन्यो।

सरकार बन्नुभन्दा पहिलेका केही घण्टाका बारेमा समीक्षा गर्दा पनि कसैले धमिलो पानीमा खुँगा थापेर माछा मार्न बसेको थियो। यसरी खुँगा थापेको थियो कि माछामात्र होइन, गँगटा पनि नछोड्ने गरी। भ्यागुता पनि नछोड्ने गरी। लाग्छ, कोही यही समयको पर्खाइमा थियो र कसैलाई खुँगा बनाएर थाप्नका लागि अह्राएको थियो, अदृश्य शक्ति, दुवैतिर खेल्दै थियो।

अनि परिवेश यस्तो अचानक बनेको देखाइयो कि या बन्यो कि निर्वाचनका बेलामा मत दिने गठबन्धनका मतदाताहरुको बूढी औँलाको मसी नसुक्दै गठबन्धन टुटेको सुन्नु परेको अवस्था थियो अचानक। निरीह मतदाता। मात्र मतपत्रमा छाप लगाउनका लागि खटाइएका यन्त्रमानव जस्तै।

बनीबनाउ अवस्थामा रहेको गठबन्धनको कसिलो र मलिलो क्षेत्रमा सत्ताबाट अचानक डेढ वर्षअघि आफ्नै ढिपीका कारणले र अदालती आदेशको पालना गर्नका लागि बाहिरिएको नेकपा एमालेको कब्जाको स्थिति बन्यो। यस्तो स्थिति उत्पन्न गराइयो कि अहिले त्यसको छटपटीमा माओवादी अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्ड पर्नुभएको बाहिरैबाट देखिन्छ, भित्र झन् कति छटपटाहट होला।

हुन सक्छ, नेपाली काँग्रेसका सभापति तथा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्रीका दावेदार पुष्पकमल दाहाल दुवैलाई एकअर्काले प्रधानमन्त्री बन्न सहयोगको अपेक्षा गरेका थिए होलान्। तर प्रधानमन्त्रीका लागि नाम दावी गर्ने समयदेखि, अध्यादेश चुपचाप घर्रामा राख्ने बेलादेखिका सबै प्रक्रियालाई नियाल्दा देउवा र प्रचण्ड दुवै खुँगामा यसरी परे कि दुवै चल्न र चटपटाउन सकेनन् पदका स्वार्थका लागि।

अहिलेको सरकार बन्दा आवेश, आवेग र तत्कालीन हितको आधारमा जे जे काम भए, जे जे हुनेवाला छन्, ती सबैले प्रधानमन्त्री प्रचण्डले काम गर्न सक्ने अवस्था देखिँदैन। एक त ४/४ जना उपप्रधानमन्त्रीको लर्को छ। त्यसमाथि अर्थ, परराष्ट्र, रक्षा, कृषि, उद्योग वाणिज्य र आपूर्ति, स्वास्थ्यजस्ता मन्त्रालय एमालेलाई, गृह, श्रम, शिक्षा जस्ता मन्त्रालय राष्ट्रिय स्वतन्त्र पार्टीलाई, उर्जा, कानुन जस्ता मन्त्रालय राष्ट्रिय प्रजातन्त्र पार्टीलाई छ। उता सहमतिका आधारमा सभामुख एमालेलाई, राष्ट्रपति एमालेलाई, उपसभामुख रास्वपालाई दिएपछि संवैधानिक परिषद्मा समेत प्रधानमन्त्री प्रचण्ड निरीह हुनेछन्।

तर हिजोको गठबन्धन के कारणले छोडियो भन्ने कुरामा प्रचण्डको एउटै जवाफ हुनेछ, मलाई काँग्रेसले सुरुमा प्रधानमन्त्री नदिएकाले मैले अरुसँग नाता जोडेको हुँ। पहिलेको गठबन्धनबाट जे जे उपलब्धि प्राप्त गरेका थिए, त्यसबाट सिधै सरकार बनाउने वहुमत प्राप्त भएको त थिएन। तर अहिलेको जस्तो अपमानजनक व्यवहारबाट सायद गुज्रनु परेको थिएन अठार महिना।

त्यसको लागि सायद प्रचण्डबाट अपेक्षित सहयोग नपाउँदा र देउवाबाट अनपेक्षित व्यवहार भोग्नु परेको बेहोसीको कुण्ठाबाट सायद अहिले देउवा र प्रचण्ड दुवै झल्याँस्स ब्युँझिएका छन्। र, प्रचण्डसँग प्रधानमन्त्री भन्ने पदबाहेक सबै गुमेको कुरामा झस्का परेको बुझ्न कठिन देखिँदैन।

त्यसको पनि अझै सुधारको समय छ। नयाँ सरकारको पूर्णताले अझै मौका पर्खेर बसेको छ। मुलुकमा नयाँ ध्रुवीकरणको नयाँ अस्थिर प्रक्रियाको सुरुवात हुन थालेको छ। जतिसुकै दपेटे पनि र होच्याए पनि नेपाली काँग्रेस अहिले पनि प्रतिनिधि सभाको ठुलो दल र लोकप्रिय मतमा पनि दोस्रो दलको रुपमा नै छ।

प्रगतिशील र नयाँ उदाएका दलहरुको सहयोगमा बनेका मन्त्रीहरुको चयनमा पनि दोषमुक्त हुन नसकेको कुरामा उपप्रधानमन्त्री, मन्त्रीहरुको चयनमा नागरिक समाज र दण्डहीनताको गन्ध आइरहेको पाइन्छ। प्रधानमन्त्री प्रचण्डमा राष्ट्रिय सहमति धारणा जन्मनुमा पक्कै पनि मुलुकमा बन्न लागेको अन्तरराष्ट्रिय षड्यन्त्रको अखाडाको गन्ध आएकोले हुनुपर्छ, जसको गन्ध नेपाली काँग्रेसमा आत्मालोचनासहित आएको बुझ्न सकिन्छ।

फर्सीमाथि चुलेसी परे पनि या चुलेसीमाथि फर्सी परे पनि काटिने त फर्सी नै हो। जसरी भए पनि अस्थिरता र विदेशी षड्यन्त्रको अखाडा हुँदा गाह्रो साँघुरो त नेपाललाई नै पर्ने हो र सरकारको नेतृत्व गर्नेले नै पहिलो झोँकमा बेहोर्नुपर्ने हुन्छ।

पशुपति नाथले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई त्यस्तो सद्बुद्धि दिऊन्, जसले मुलुकलाई घेराबन्दीबाट बाहिर ल्याउन सक्नुहोस्। रातोपाटीबाट


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**




## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

**गुनासोका लागि**
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी**
**०३१-५२२५२३**

# आत्महत्या रोक्ने, तर कसरी ?




**प्रमेश प्रधान**

विश्व स्वास्थ्य संगठनको पछिल्लो आँकडा अनुसार एक वर्षमा संसारका लगभग ८ लाख मानिस वा हरेक ४० सेकेण्डमा कसै न कसैले आत्महत्याको कारण ज्यान गुमाइरहेका हुन्छन् । संगठनले ७७ प्रतिशतभन्दा बढी आत्महत्याका घटना नेपाल जस्ता कम तथा मध्यम आय भएका देशहरुमा हुने उल्लेख गरेको छ ।

पुरुषभन्दा महिलामा आत्महत्या गर्ने प्रयास बढी भए पनि आत्महत्या गर्ने संख्या भने पुरुषको बढी छ । १५ देखि २४ वर्षका बालबालिका तथा युवायुवती र ७५ वर्षभन्दा माथिकाले आत्महत्या गरेको पाइएको छ ।

नेपालको सन्दर्भमा राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षणका अनुसार नेपालमा ६.५ प्रतिशत व्यक्तिहरुमा आत्महत्याको सोच र योजना रहेको पाइएको छ ।

नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा ७ हजारभन्दा बढी व्यक्तिको मृत्यु आत्महत्याबाट भएको थियो र वर्षेनी आत्महत्याको दर बढिनै रहेको छ । यसैले पनि आत्महत्या एक गम्भीर जनस्वास्थ्य समस्याको रुपमा रहेको छ ।

विभिन्न अध्ययन अनुसार आत्महत्या गर्नेमध्ये धेरै व्यक्तिहरुमा मानसिक समस्या प्रमुख कारण रहेको पाइएको छ । विभिन्न कारणमध्ये आनुवांशिक, मनोवैज्ञानिक र सामाजिक कारणहरु अध्ययनबाट देखिएको छ ।

९० प्रतिशतभन्दा बढी आत्महत्या मानसिक स्वास्थ्यका कारणले हुने गरेको अनुसन्धानबाट देखिएको छ । त्यसमध्ये पनि धेरैजसो व्यक्तिहरुमा आत्महत्याको कारण उदासिनता र डिप्रेसन हुने गरेको छ ।

परिवारमा कुनै सदस्यले आत्महत्या गरेको छ भने त्यसको असर पनि परेको हुन्छ । आत्महत्याका लागि प्रयोग हुने साधनको पहुँचमाथि नियन्त्रण गर्न सक्ने हो भने यस्ता घटनामा कमी ल्याउन सकिन्छ ।

आत्महत्या आवेश तथा योजनाबद्ध जुनसुकै अवस्थामा पनि हुनसक्छ । योजनाबद्ध प्रायजसो डिप्रेसनमा देखिन्छ । प्रायजसो व्यक्तिले दिन, हप्ता र महिनौंसम्म योजना बनाएका हुन्छन् । व्यक्तिहरुमा निराशापन, सहयोगविहीन महसुस हुने, आशाविहीन सोच आइरहने वा आफू मूल्यहीन भएको ठान्ने आदि हुँदा आत्महत्याको जोखिम बढ्न जान्छ ।

त्यस्तै असाधारण छटपटाहट भइरहने, कसैसँग नबोल्ने, एक्लै टोलाएर बस्ने गरिरहेको छ भने उक्त व्यक्तिमा आत्महत्याको जोखिम रहेको हुन्छ । बोर्डरलाइन तथा एन्टिसोसल स्वभाव भएका व्यक्तिहरुमा आफ्नो आवेश नियन्त्रण गर्ने क्षमता असन्तुलन हुने हुँदा आत्महानिको जोखिम उच्च हुन्छ ।

आत्महत्या- आत्महानिको जोखिममा पहिले आत्महत्या-आत्महानिको प्रयास गरेका व्यक्तिहरु, उदासिनता, लागुपदार्थको प्रयोग, मदिरापानको लत तथा अन्य जटिल मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरु, आर्थिक नोक्सानी, पारिवारिक द्वन्द्व, दीर्घकालीन रोगबाट ग्रसित व्यक्तिहरु जस्तैः क्यान्सर, भावनात्मक कठिनाइ भएका व्यक्तिहरु, युद्ध, हिंसा, आघातजन्य घटनामा परेका व्यक्तिहरु पर्छन् ।

**आत्महत्याका सम्भावित लक्षण :**

- आशाविहीन, सहयोगविहीन र मूल्यहीन, योग्यहीन महसुस गर्ने ।
- पहिले आत्महत्या-आत्महानिको प्रयास गरेका ।
- परिवार, इष्ट-मित्रहरुलाई बिदाई भेट गर्ने, आफ्नो सम्पत्ति बाँडिदिने वा आफ्नो अन्तिम इच्छा लेख्ने ।
- मेरोबारेमा कसैले चिन्ता लिनु पर्दैन, म नभए पनि कसैलाई फरक पर्दैन, सुतेपछि कहिलै उठ्न नपरोस् जस्ता वाक्यहरु सामाजिक रुपमा व्यक्त गर्ने ।
- आफ्नो मृत्युबारे योजना सुनाउने ।
- आत्महत्या गर्ने माध्यमहरु जस्तैः विषादी, हातहतियार, औषधि अथवा अन्य माध्यमहरुको खोजी गर्ने वा अनावश्यक भण्डारण गर्ने ।
- विनाकारण एक्कासि धेरै खुसी हुने वा एक्कासि धेरै दुःखी हुने ।
- सामाजिक सञ्जालमा हिनताबोध र निराशाका पोस्ट लेख्ने वा सेयर गर्ने ।

**सहयोग कसरी गर्ने ?**

- खतराको सूचक, जोखिम र सुरक्षाका उपायहरु साथै स्वहेरचाह आदिको जानकारी भएमा आत्महत्या रोकथाम गरी प्रत्येक जीवन बचाउन सकिन्छ ।
- आत्महत्या सम्बन्धी सावधानी अपनाउने ।
- सही सहयोग गर्न सक्ने- उचित परामर्श दिन सक्ने व्यक्तिहरु जस्तै मनोचिकित्सक, चिकित्सामनोविद्, मनोविमर्शकर्ता, स्वास्थ्यमा तालिम प्राप्त व्यक्तिहरुको सहयोग लिन प्रोत्साहन गर्ने ।
- हेल्पलाइनको सहयोग लिने- ११६६ ।
- आत्महत्या तथा आत्महानिबारे खुलेर कुरा गर्ने ।
- कसैले आत्महत्याको बारेमा कुरा गर्यो भने उसको कुरा पूर्वाग्रह नराखी गम्भीरतापूर्वक र गोपनीयता राखेर सुनिदिने ।
- सकारात्मक सोच विकास गर्ने, दैनिक रुपमा मर्निङ वाक गर्ने, आफूलाई मनोरन्जनात्मक क्रियाकलापमा भुलाउने ।
- सामाजिक, आध्यात्मिक र धार्मिक क्रियाकलापहरुमा सहभागी हुने ।

विभिन्न अध्ययनहरुले साइकोथेरापी जस्तैः कग्निटिभ विहेभियर थेरापी, डायलेक्टिभ विहेभियर थेरापी, सोलुसन फोकस्ड थेरापीको माध्यमबाट आत्महत्या-आत्महानिको जोखिम कम गर्न सकिन्छ । व्यक्तिहरुमा देखिने जीवनप्रतिको नकारात्मक सोच, हिनताबोध, निराशापन आउने सोचहरु तथा भावनात्मक अस्थिरताबाट उत्पन्न हुने आत्महत्या-आत्महानिको जोखिम कम गर्न साइकोथेरापीले रोकथाममा मद्दत पुग्छ ।

यदि कुनै व्यक्तिले बारम्बार निराशाजनक कुराहरु गरिहने वा मर्न पाए पनि हुन्थ्यो जस्ता भाव भएका कुराहरु गर्छ भने उसमा आत्महत्याको विचार आएको हो कि भनी तुरुन्त उपचारको लागि समन्वय गर्नुपर्छ । समयमै गरिने सहयोगले जोखिममा रहेका हरेक व्यक्तिलाई बचाउन सकिन्छ । (लेखक त्रिभुवन विश्वविद्यालयसँग आबद्ध क्लिनिकल मनोपरामर्शविद् हुन् ।) स्वास्थ्य खबरबाट


Koshi Victims Society (KVS)

## सिलाई मेशिन पाउदानीसहित खरिद सम्बन्धि दरभाउ पेश गर्ने प्रकाशित सूचना

प्रकाशित मितिः–२०७९/१०/०३

यु.एस.एड.को सहयोगमा कोशी पीडित समाजद्धारा संचालित USAID Local Works: Saptari परियोजना अन्तर्गत समुदायका महिलाहरुको लागि तपशिलका सिलाई मेशिनहरु पाउदानी सहित खरिद गर्नुपर्ने भएकोले कोटेशन फारममा आपूर्ति गर्न इजाजत प्राप्त ईच्छुक स्थानीय तथा राष्ट्रिय कम्पनि फर्म तथा आपुर्तिकर्ताबाट शिलबन्दि दर भाउ पेश गर्नको लागि आब्हान गरिन्छ ।

**१. सिलाई मेशिन पाउदानीसहितको विवरण**

**तपशिल**

| क.सं. | सामाग्रीको नाम | सामग्रीको विवरण | आवश्यक संख्या |
|---|---|---|---|
| १. | सिलाई मेशिन पाउदानीसहित | मध्यम र गुणस्तरीय कम्तिमा ३ वर्ष ग्यारेन्टि/वारेन्टि भएको | १२ |

**दरभाउ पत्र पेश गर्ने प्रकियाः -**

दरभाउ पत्र पेश गर्दा सिलाई मेशिन पाउदानीसहित लेखि शिलबन्दि दर भाउपत्र मिति २०७९/१०/१० गते तदानुसार 24th January, 2023 ५:०० बजे भित्र कोशी पीडित समाज, राजबिराज-३ मा प्रत्यक्ष वा हुलाक मार्फत बुझाउन सकिने छ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

# संघीय संसदमा मधेशका सहिदहरुलाई सम्मान दिन मौनधारण

**राजविराज**/प्रतिनिधिसभा सदस्य डा. सीके राउतले बलिदानी दिवसको अवसरमा बिहीबार संघीय संसदमा एक मिनेट मौनधारण गरेका छन ।

जनमत पार्टीका केन्द्रिय अध्यक्ष समेत रहेका डा. राउतले माघ ५ गते मधेस आन्दोलनका शहीदहरुलाई सम्मान गर्न संसदमा १ मिनेट मौनधारण गरेका हुन् । उनीसँगै संसदमा रहेका केही सांसदहरुले मौनधारण गरे भने कतिपयले आफ्नै सीटमा बसिरहे ।

मधेशका सहिदहरुलाई सम्मान दिन संघीय संसदमा मौनधारण गरिएको विगत १५ वर्षको इतिहासमा यो पहिलो पटक हो ।

मौनधारण अघि उनले संसदलाई सम्बोधन गर्दै उनले नेपाली कांग्रेसतिर लक्षित गर्दै मधेशी र थारुलाई भित्तामा धकेलेर राष्ट्रिय सहमतिको कुराको अर्थ नरहेको उल्लेख गरे । मधेशीलाई साइड लगाएर हुने राष्ट्रिय सहमति कस्तो हुन्छ ?, उनले भने, हामी दलभन्दा माथि उठ्छौं तर तपाईंहरु वर्गीय संकिर्णताबाट माथि उठ्ने कि नउठ्ने ?देशलाई संकटबाट बाहिर लैजान राष्ट्रिय सहमतिको आवश्यक्ता रहेको बताए ।



उनले राष्ट्रिय सहमति के का लागि हो भन्दै सदनमा प्रश्नसमेत गरे । उनले मधेसवादी दलहरुदलाई बाहिर राखेर कस्तो खालको राष्ट्रिय सहमति खोज्नुभएको हो भन्दै प्रश्न गरे ।

उनले अनुहार, जाति र समुदाय भन्दामाथि उठेर राष्ट्रिय सहमति खोज्न आग्रह गरे । उनले राष्ट्रिय सहमति पदको लागि मात्रै हो की, देश संकटको लागि पनि राष्ट्रिय सहमतिको कुरा गर्न मिल्दैन, उनले भने, पदको लागि मात्रै किन कुरारु दलभन्दा माथिको कुरा गरिन्छ । कस्तो खालको राष्ट्रिय सहमति हो ? मधेसी पार्टीलाई धकेलेर खोज्नुभएको हो । हामी दल भन्दा माथि उठ्छौं तर तपाईंहरु एउटा अनुहार, जातिको मुखौटो भन्दा माथि उठ्न सक्नुहुन्छ की हुँदैन ? त्यो ठूलो कुरा हो ।'

# नमो बुद्ध फुटबल टिमलाई मेयर कपको उपाधी

**राजविराज**/चौथो मेयरकप २०७९ फुटबल प्रतियोगिताको उपाधी नमो बुद्ध फुटबल टिम मझौ सप्तरीले हात पारेको छ ।

शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा संचालित उक्त



प्रतियोगिता अन्तर्गत शुक्रबार सम्पन्न फइनलमा तालतलैया फुटबल टिम सुनसरीलाई ट्राईब्रेकरमा तीनका बिरुद्ध पाँच गोल अन्तरले पराजित गर्दै मझौले उपाधी हात पारेको हो । निर्धारित समयमा दुबै टिमले एक एक गोल गरेपछि खेल ट्राइबेकरमा पुगेको थियो ।

उपाधीसँगै बिजेता मझौ ले नगद ५५ हजार पाँच तथा ट्रफी हात परेको छ भने उपबिजेता सुनसरीले नगद ४५ हजार पाँच र कपमा चित बुझाएको छ ।

प्रतियोगिता पश्चात् आयोजित समापन तथा पुरस्कार बितरण कार्यक्रममा शम्भुनाथ नगरपालिकाका नगरप्रमुख जितेन्द्र प्रसाद गुप्ता, उपप्रमुख अनिता कुमारी चौधरी, खडक नगरपालिकाका नगरप्रमुख जयप्रकाश चौधरी लगायतले पुरस्कार तथा प्रमाणपत्र बितरण गरेका थिए ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीयाद्वारा गत पुस २४ गते देखि संचालित प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुरका बिभिन्न १२ क्लबको सहभागिता रहेको थियो ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काले नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## सिट बेल्ट नलगाएकामा बेलाइती प्रधानमन्त्री सुनकलाई जरिवाना

**लन्डन**/बेलाइती प्रहरीले शुक्रबार प्रधानमन्त्री ऋषि सुनकलाई गुडिरहेको कारमा सिट बेल्ट नलगाएकामा जरिवाना गरेको छ ।

ट्राफिक नियमको उल्लङ्घन गरेको भन्दै प्रधानमन्त्री सुनकको नाम नलिई लन्काशायर प्रहरीले लन्डनका ४२ वर्षीय पुरुषलाई जरिवाना गरेको बताएको छ ।

"लङ्कशायरमा गुडिरहेको कारमा यात्रुले सिट बेल्ट नलगाएका लन्डनका ४२ वर्षीय व्यक्तिलाई जरिवाना गरेका छौँ" लेन्काशायर प्रहरीले ट्वीट गरेको छ । उक्त जरिवाना सूचना अनुसार कारबाहीमा परेका व्यक्तिले २८ दिनभित्र सम्बन्धित निकायमा सो जरिवाना तिरिसक्नुपर्नेछ ।

प्रधामन्त्री सुनकलाई ५० पाउण्ड (६२ अमेरिकी डलर) जरिवाना गरिएको बताइएको छ । सामान्यतया सिट बेल्ट नलगाएका यात्रुलाई १०० पाउन्डसम्म जरिवाना गर्न सकिने कानून छ । यदि सोसम्बन्धित मुद्दा अदालतसम्म पुगेमा त्यो जरिबाना बढेर बढेर ५०० पाउन्डसम्म पुग्न सक्छ । जरिवानाको घोषणा लगत्तै प्रधानमन्त्रीको कार्यालयले विज्ञप्ति जारी गर्दै भनेको छ, "प्रधानमन्त्रीले यो गल्तीलाई पूर्णरूपमा स्वीकार गरेको र माफीसमेत माग्नुभएको छ र आगामी दिनमा नियम पूर्णरूपमा पालना गर्नुहुनेछ ।" एजेन्सी

## चार वर्षमा पाकिस्तानमा ४२ पत्रकार मारिए

**इस्लामाबाद**/गत चार वर्षमा पाकिस्तानमा ४२ पत्रकार मारिएका छन् । पाकिस्तानका संसदीय मामिला मन्त्री मुर्तजा जावेद अब्बासीले शुक्रबार सिनेटलाई जानकारी दिँदै सो बारे जानकारी गराएका हुन् । सूचना मन्त्रालयको तथ्याङ्कअनुसार ती पत्रकारमा १५ जना पत्रकार पञ्जाबका, ११ जना सिन्ध, १३ जना खैबर पख्तुनख्वा र तीन जना बलुचिस्तानका थिए ।

पत्रकारलाई या त आतङ्ककारीले गोली हानेर मारे या अन्य कतैबाट मारिए यकिन भने छैन । तथ्याङ्कअनुसार यस्ता घटनामा पञ्जाबमा सात संदिग्ध पक्राउ परेका थिए । जसमध्ये दुई हाल जमानतमा छन् । पक्राउ परेका अन्य सातमध्ये पाँचजना विरुद्ध मुद्दा चलिरहेको छ भने आठजना फरार छन् । एक जना अभियुक्तलाई भने अदालतले रिहा गरेको छ ।

सिन्धमा चार संदिग्ध पक्राउ परेका छन् भने सात जनामाथि मुद्दा चलिरहेको छ । यसैगरी केपीका दुई अभियुक्तले सफाइ पाएका छन् चारजना मुद्दा चलिरहेका छन् र एकजना फरार छन् । बलुचिस्तानमा दुई संदिग्ध फरार छन् । एकजना मुद्दाको सामना गर्दै छन् भने अर्का एक संदिग्धलाई सजाय दिइएको छ । केही अनुसन्धानको प्रक्रियमा छन् ।

सिनेटमा बोल्दै जमात-ए-इस्लामी पार्टीका मुश्ताक अहमदले सङ्घीय र प्रान्तीय सरकार पत्रकारको सुरक्षा गर्न असफल भएको बताएका छन् । मन्त्री अब्बासीले अहमदलाई जवाफ दिँदै यो "गम्भीर अवस्था" हो र सरकारले अपराधी विरुद्ध छिटो कारबाही गर्नुपर्छ र पत्रकारलाई विशेष सुरक्षा प्रदान गर्नुपर्छ भनेका छन् ।

उनले पाकिस्तानको आन्तरिक र सूचना मन्त्रालयलाई यस विषयमा एकीकृत प्रतिवेदन तयार गरी दुई महिनाभित्र सदनमा पेश गर्न निर्देशन दिएका छन् ।

यसैबीच बलुचिस्तान अवामी पार्टीका सिनेटर दानेश कुमारले दस्तावेजमा देखाइएको तीनको सट्टा प्रान्तमा १० भन्दाबढी पत्रकारको हत्या भएको बताएको डन अखबारले उल्लेख गरेको छ ।

जवाफमा संसदीय मामिलामन्त्रीले सम्बन्धित सबै पक्षसँग छलफल गरेर प्रतिवेदन तयार पारेको र कसैले गलत तथ्याङ्क दिएको भए यो अत्यन्त संवेदनशील विषय भएकाले जवाफदेही हुनुपर्ने समेत उल्लेख गरेका छन् ।

पछिल्लो समय देशमा लैङ्गिक हिंसाका घटना बढेको, विशेषगरी महिला उत्पीडन र दुर्व्यवहारको चपेटामा परेका छन् । पाकिस्तानमा कडा पितृसत्तात्मक सामाजिक मान्यताका कारण महिला पत्रकार हिंसा र धम्कीको अझ बढी जोखिममा छन् । एजेन्सी

## मध्य आकाश पिसाब प्रकरण, चालीस लाख जरिवाना

**नयाँदिल्ली**/भारतको नागरिक उड्डयन प्राधिकरणले मदिराले मातेका एकजना यात्रीले ७२ वर्षीया महिलामाथि मध्य आकाशमा पिसाब फेरेको घटनालाई लिएर एयर इन्डियालाई करिब रु ४० लाख जरिवाना गराएको छ । गत नोभम्बर २६ मा न्युयोर्कबाट एयर इन्डियाको विमानमा नयाँदिल्ली आउँदा अमेरिकी ब्याङ्कर भारतीय नागरिक शङ्कर मिश्राले महिलामाथि गरेको दुर्व्यवहारविरुद्ध एयर इन्डियाले कारबाही नगरेकाले नागरिक उड्डयन प्राधिकरणले उक्त जरिवाना गरएको हो ।

नयाँदिल्ली विमानस्थलमा सामान्य यात्रुलाई झैँ अभियुक्त मिश्रालाई विनाकारबाही प्रस्थान गर्न दिइएकामा आपत्ति जनाउँदै एयर इन्डियाका उड्डयन प्रबन्धकलाई भारु तीन लाख बेग्लै जरिवाना गराइएको छ । त्यसैगरी उक्त विमानका एकजना चालकलाई तीन महिनासम्म उडानमा प्रतिबन्ध लगाइएको छ । मिश्राबाट भएको उक्त निन्दनीय कार्यको भारतका साथै विश्वव्यापी रुपमा चर्को आलोचना भएको थियो । एजेन्सी

# प्रतिनिधिसभाको उपसभामुखमा राना निर्वाचित



**काठमाडौं**/प्रतिनिधिसभाको उपसभामुख पदमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद इन्दिरा राना निर्वाचित भएकी छिन् ।।

प्रतिनिधिसभाको शनिबारको बैठकमा रानालाई उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तुत प्रस्तावको पक्षमा एक सय ६६ मत खसेको थियो ।

सभामुख देवराज घिमिरेले मतविभाजनको परिणाम सार्वजनिक गर्दै उनलाई उसपसभामुख पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको पक्षमा उपस्थित संख्याको बहुमत पुगेकाले राना उपसभामुख पदमा निर्वाचित भएको घोषणा गरे ।

उक्त प्रस्तावको विपक्षमा जम्मा ९७ मत खसेको थियो । मतदानमा जम्मा दुई सय ६४ मत खसेको थियो । एक जनाले भने मत दिएनन् ।

# प्रदेशमा शिक्षा, स्वास्थ्य तथा रोजगारको अवस्था दयनिय : प्रदेशसभा सदस्य यादव



**राजविराज**/जनमत पार्टीको मधेश प्रदेश संसदीय दलका नेता महेश प्रसाद यादवले मधेश प्रदेशमा शिक्षा, स्वास्थ्य तथा रोजगारको अवस्था दयनिय भइरहेको भन्दै प्रदेश सरकारलाई यसतर्फ गम्भिर हुन आग्रह गरेका छन् ।

बुधबार मधेश प्रदेश सभालाई सम्बोधन गर्दै उनले विगतका सरकार समेत गम्भिर नभएको भन्दै अब प्रदेश सरकार गम्भिर हुनुपर्नेमा जोड दिए । प्रदेशसभा सदस्य यादवले रोजगारीको अवस्था सृजना गर्न मधेश प्रदेशमा प्रवल सम्भावना रहेकोले यसप्रति प्रदेश सरकार गम्भिर हुनुपर्ने सुझाव पनि दिए ।

सम्बोधनकै क्रममा उनले विगतका प्रदेश सरकारले समेत किसानहरुको समस्याप्रति उत्तरदायित्व बहन गर्न नसकेको भन्दै दु:ख व्यक्त गरे । उनले मधेशका सबै जनता कुनै न कुनै बहानामा किसानसँग जोडिए पनि किसानहरुको समस्याप्रति गम्भिर नभएको जिकिर गरे ।

प्रदेशसभामा कर्मचारी अभाव रहेकोले त्यसलाई पदपूर्ती गरेर पनि केही हदसम्म रोजगारीको अवसर सृजना हुन सक्ने उनले ध्यानाकर्षण समेत गराए ।

मधेश प्रदेशलाई भ्रष्टाचारको आरोप लागिरहेको बेला भ्रष्टाचार मुक्त प्रदेश बनाउन सबैले आजैदेखी संकल्प गर्नु पर्ने बताउँदै उनले संघीयता माथी विभिन्न आक्रमण भइरहेकोमा संघीयता जोगाउन सबै भन्दा बढी मधेश प्रदेशले भूमिका खेल्नु पर्ने तर्क दिए ।

# मधेश प्रदेशको सभामुखमा मण्डल निर्वाचित

**राजविराज**/मधेश प्रदेशको सभामुखमा नेकपा एमालेका रामचन्द्र मण्डल निर्वाचित भएका छन् ।

मंगलबार प्रदेशसभामा भएको सभामुखको निर्वाचनमा रामचन्द्र निर्वाचित भएका हुन् । निर्वाचनमा रामचन्द्रको पक्षमा ७४ मत र नेपाली कांग्रेसबाट सभामुखका उम्मेदवार जंगीलाल रायलाई २९ मत परेको थियो ।

उनलाई सत्ता गठबन्धन घटक दल नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल संघीय समाजावादी र ४ स्वतन्त्र सांसदले पक्षमा मतदान गरेका थिए । विपक्षमा कांग्रेस र नेकपा एकीकृत समाजवादी पार्टीका सांसदले मतदान गरेका थिए ।

प्रदेश सभामा एमालेका २३, कांग्रेस २२, जसपा १६, जनमत १३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र माओवादी केन्द्रका ९/९, एकीकृत समाजवादीका ७ सांसद छन् भने नेपाल संघीय समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीका एक/एक जना सांसद छन् । यस्तै पाँचजना स्वतन्त्र सांसद छन् ।

# वडा कार्यालयद्वारा तीन सय ८० जनालाई फाईबर सिरक वितरण



**राजविराज**/राजविराज नगरपालिका वडा नं. ६ ले वडा भित्रका विपन्न, असहाय, बृद्धबृद्धा, एकल महिला, दलित तथा शारिरीक रुपमा अशक्त ३ सय ८० जनालाई फाईबर सिरक वितरण गरेको छ ।

सोमबार आफ्नै कार्यालय परिसरमा एक कार्यक्रमबीच उक्त परिमाणमा फाइबर सिरक वितरण गरेको हो ।

कार्यक्रममा विपन्न समुदायका १ सय ९० बृद्धबृद्धा, १ सय ४५ एकल महिला र ४५ जना शारिरीक रुपमा अशक्त भएकाहरुलाई सिरक प्रदान गरिएको सो वडाका अध्यक्ष शशी चौधरीले जानकारी दिएका छन् ।

उनीहरुलाई वडाको विपद् व्यवस्थापन कोषबाट सिरक खरीद गरि बितरण गरिएको वडा अध्यक्ष चौधरीले जानकारी समेत दिए ।

कार्यक्रमका प्रमुख अतिथी राजविराज नगरपालिकाकी कार्यवहाक नगर प्रमुख इसरत परविन, नगरपालिकाको स्थास्थ्य शाखाका प्रमुख निरंजन यादव, वडा अध्यक्ष चौधरी लगायतले उक्त सिरक चिसो प्रभावित विपन्न समुदायलाई वितरण गरेका थिए ।

## *घुससहित इन्जिनियर...*

रामचन्द्र साहलाई १ लाख ४० हजार घुस रकमसहित रंगेहात पक्राउ गरेको हो ।

निर्माण कार्यको भुक्तानी वापत घुस लिदा लिदै इन्जिनियर साहलाई अख्तियार अनुसन्धान आयोग इटहरीको टालीले उनकै कार्यकक्षबाट पक्राउ गरेको जनाएको छ ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार नगरपालिकाद्वारा संचालित आयोजनाको काम सम्पन्न गरिसकेका एक सेवाग्राहीसँग घुस मागेको गोप्य सूचना प्राप्त भएपछि आयोगबाट टोली परिचालन गरिएको थियो ।

इन्जिनियर साहलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको अख्तियार दुरुपयोग अनुसन्धान इटहरी कार्यालयले जनाएको छ ।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम



**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*